नेपाल सरकार
परराष्ट्र मन्त्रालय

राहदानी विभाग

त्रिपुरेश्वर, काठमाण्डौ

NS/ISO 9001:2015 प्रमाणीकृत नेपालको पहिलो सरकारी निकाय
"गुणस्तरीय, पारदर्शी एवं सेवाग्राहीमैत्री सेवा"

सूचना

साविकमा यस विभागको Basement राहदानी आवेदकहरूका लागि Holding area का रूपमा प्रयोग हुँदै आएकोमा अवदेखि सेवाग्राहीका लागि Parking स्थलका रूपमा प्रयोग हुन काठमाण्डौ महानगरपालिकाले विभागको Basement खाली गराएकोले मिति २०७९।०५।१२ आइतबारका दिनदेखि उक्त Basement सेवाग्राहीका लागि Parking स्थलका रूपमा प्रयोग हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

तसर्थ, सोही मितिदेखि लागू हुने गरी देहाय बमोजिम गरिदिनु हुन समेत सम्बन्धित सबैमा अनुरोध छः

क) Live Enrollment Center राहदानी विभाग कायम भएका सेवाग्राही मात्र राहदानी आवेदनका लागि यस विभागमा आइदिनु हुन ।

ख) राहदानी आवेदनका लागि आवेदकहरू आवेदन फाराममा तोकिएको मिति र समयमा मात्र यस विभागमा आइदिनु हुन ।

ग) तयार भएको राहदानी लिन आउने सेवाग्राहीहरू साविकमा झै गेट नं. २ बाट प्रवेश गरिदिनु हुन ।

घ) राहदानी सम्बन्धी सेवा लिनका लागि विभाग आउँदा आवश्यक अवस्थामा बाहेक सम्बन्धित आवेदक मात्र आइदिनु हुन ।

ङ) राहदानी विभाग बाहिरको सडकमा अनावश्यक भिडभाड नगरिदिनु हुन ।

नेपाल सरकार परराष्ट्र मन्त्रालय राहदानी विभाग काठमाण्डौ

२०७९/०५/१२
प्रवक्ता